# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ ३१ गते २०१३ साल

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ४

स्वास्थ्यमन्त्रालय तथा डब्ल्यू. एच. ओ. सहायताअन्तर्गत आःएन्टी मलेरिया कन्ट्रोल प्रोजेक्टको कामलाई एकजना काउण्टर पार्ट मलेरियोलजिष्ट चाहिएको छ। नेपाली नागरिक उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं.१ (२०१०) मा भरी २०१३ साल श्रावण २६ गते रोज ६ सम्ममा तलको ठेगानामा पुग्ने गरी पठाउनुहोला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ। दरखास्तसाथ फी पठाउन पर्दैन।

पदको विवरण यस प्रकार छ।—

१ पदः—काउण्टरपार्ट मलेरियोलजिष्ट गजेटेड अस्थायी।

२ आवश्यक न्यूनतम योग्यताः-एम् बी. बी. एस्.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३ विशेष योग्यता:–मलेरियामा विशेष ट्रेनिङ पाएको। मलेरिया निवारण गर्ने अन्तर्राष्ट्रीय संस्थासाथ गर्नुपर्ने कामगरकोले यसमा काम गर्ने मानिसको स्वभावमा विशेष रुची भएको हुनुपर्ने र मेहनतीको साथै जोखिमी ठाउँमा हिँडिरहनुपर्ने हुनाले स्वास्थ्य पनि राम्रो भएको मानिसलाई प्राथमिकता दिइनेछ ।

४ मासिक तलब:– रु कं.रु. २००

५ विशेष तलब वा भत्ता:–नन्प्रैक्टिसिङ भत्ता कं.रु. १२५ र ठाउँ ठाउँमा दूरमा जाँदा मासिक कं.रु. ३००

६ स्थान:–हेटौंडा वा भीमफेदीको वरीपरी ।

७ विशेष सहुलियत:–घर पारको ठाउँमा फ्री क्वार्टर पाउने ।

८ काम:–मलेरिया निवारण गर्नुपर्ने हरेक किसिमको काम ।

आज्ञाले—

खड्गमान मल्ल,

सेक्रेटरी—पब्लिक सर्भिस कमिसन,

सिंहदरबार काठमाडौं नेपाल

९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर, प्रेमराज शर्मा.